Received Date: Oct. 2023 Revised: Nov. 2023 Accepted: Dec. 2023

# नेपाल प्रजापरिषदको सरकार र त्यसका गतिविधिहरू

**तेजबहादुर के.सी.**
सह-प्राध्यापक महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्ज
Email: tejbdrkc243@gmail.com
*Doi: https://doi.org/10.3126/hisan.v9i1.64035*

**शोधसार**

*नेपालको प्रजातान्त्रिक इतिहासमा नेपाल प्रजापरिषद् देशमा प्रजातन्त्रको स्थायित्वका लागि कठिन यात्रा प्रारम्भ गर्ने पहिलो राजनीतिक दल थियो । जहानीया राणा शासनको समयमा अधिकार विहिन अवस्थामा रहेका शाह वंशीय राजा र राणाहरूको निरङ्कुश शासनबाट प्रताडित नेपाली जनतालाई स्वतन्त्र तुल्याउने उद्देश्यका साथ आवश्यकता परे प्राँणको आहुती दिने अठोटका साथ पवित्र धार्मिक ग्रन्थ गीताको कसम खाएर खोलेको त्यो राजनीतिक दलको योगदान नेपालको प्रजातान्त्रिक इतिहासमा अविस्मरणीय रहेको छ । नेपालका सहिदहरूको सूचीमा संस्थापक सदस्यहरू गणेशमान सिहं वाहेक सबैलाई सामेल गरेको यस दलका एकसदस्य गणेशमान सिंहले भागेर ज्यान बँचाएका थिए । सस्थापक अध्यक्ष टंकप्रसाद आचार्य ब्राह्मण जातको भएको र त्यस वेलाको धार्मिक मान्यताअनुसार ब्राम्ह्णलाई मृत्युदण्ड दिनु महाँपाप मानिने भएकै कारण मृत्युदण्डबाट वच्न सफल भएका थिए । राणाशासनकाल भर उनले कष्टकर जेल जीवन विताएका थिए । उनले मृत्युदण्डको सजाए पाउनेले भन्दा बढी फलामका जंजिर शरीरमा बोकेर कष्टकर जेल जीवन विताएका थिए । प्रजा परिषद्का संस्थापक सदस्यहरू मध्ये राणाहरूको पञ्जावाट फुत्केर गणेशमान सिंह्ले र राणा शासकको पञ्जामै रहेर टंकप्रसाद आचार्यले राणा शासनको अन्त्यको दिन देख्ने अवसर पाएका थिए । तिनै टंकप्रसाद आचार्यले वि.सं.२०१२ साल माघ १३ गतेका दिन नेपालको प्रधानमन्त्रीको पदमा नियुक्त भई सरकार संञ्चालन गर्ने अवसर पाएका थिए । प्रजातन्त्रका हिमायती, ज्यूँदा सहीद, सादगी जीवन तथा उच्च विचारका धनी टंकप्रसाद आचार्यले नेतृत्व गरेको नेपाल प्रजापरिषद्को सरकार प्रति नेपाली जनताको उच्च सम्मान र अपेक्षा रहेको थियो । त्यो समयका नेपालका अन्य राजनैतिक दलहरूको आचार्य मन्त्रीमण्डल प्रति दलीय विमति रहे तापनि प्रत्येक्ष शासनको नाममा राजा महेन्द्रले आफ्नो हातमा लिएको राजनैतिक अधिकार जनताकै प्रतिनिधिहरूको हातमा सुम्पेर बनेकोले त्यो सरकारप्रति आलोचनात्मक समर्थन रहेको थियो । यो सरकारको मुख्य उद्देश्य देशमा आम निर्वाचन सम्पन्न गरी प्रजातन्त्रलाई संस्थागत गर्नु थियो । तर अनुभवहीन राजनैतिक दलहरूकै बीचमा खिचातानी र दलीय स्वार्थका कारण देशमा बढेको अशान्ति र अस्तव्यस्तताले गर्दा त्यो समयमा प्रजातन्त्रको संस्थागत विकास हुन सकिरहेको थिएन । नैतिकता र आदर्शलाई आफ्नो इज्जत सम्झने टंकप्रसाद आचार्यले आम निर्वाचन सम्पन्न गर्न नसक्ने अवस्थाको पूर्वानुमान गरी स्वइच्छाले प्रधानमन्त्री पदबाट राजिनामा दिएका थिए । नेपालको प्रजातान्त्रिक आन्दोलका योद्धा टंकप्रसाद आचार्य नेतृत्वको १८ महिने कार्यकालको यो सरकारको नेपालको राजनैतिक इतिहासमा उल्लेखनीय योगदान रहेको छ । यस अध्ययनको उद्देश्य यही टंकप्रसाद आचार्य नेतृत्वको सरकारले आफ्नो राज्य सञ्चालनको छोटो कार्यकालमा अवलम्वन गरेका नयाँ नीतिहरू र ति नीतिहरूले देश विकासमा पारेको दुरगामी सकारात्मक प्रभाव र उपलब्धिहरूमा केन्द्रीत रही तिनै नीतिहरूको विश्लेषण गर्नु रहेको छ ।*

**मुख्य शब्दावली** : अधिनायकत्व, मुक्ति, गिरफ्तार, पञ्चशील र दलीय स्वार्थ ।

## परिचय

नेपालको राजनीतिक इतिहासमा वि.सं.२००७ सालदेखि वि.सं.२०१५ सालसम्मको समयलाई राजनीतिक अस्थिरताको समयका रूपमा लिने गरिन्छ । वि.सं.२००७ सालको आन्दोलनपूर्व राणा शासनको समाप्तिका लागि राजनीतिक दल र राजा जुन साझा धारणा र उद्देश्यका साथ आन्दोलनमा होमिएका थिए, राणा शासनको समाप्ति पछि ती साझा उद्देश्य र धारणालाई राजा र राजनीतिक दलहरूले आ-आफ्ना

संगठन र दलहरूको स्वार्थअनुकूल हुने गरी ब्याख्या गर्न थाले (उप्रेति, ई.सं.१९९९ : २) । आन्दोलनका सहयात्रीहरू बीचको विमतिका कारण देशले न नयाँ ब्यवस्था पाउन सक्यो न स्थायी सरकार । देशमा राजनीतिक अस्थिरता मौलायो । राजाले प्रथम राणा प्रधानमन्त्री जङ्ग बहादुरले खोसेको सम्पूर्ण अधिकार पूर्ण रुपले आफ्नो हातमा लिन चाहान्थे भने राजनीतिक दलहरू राजाबाट आन्दोलनको समयमा दलहरूलाई दिएको आश्वासन अक्षरश पालना गराउन चाहन्थे । जसका कारण देशमा राजनैतिक दलहरूले नयाँ शैली र नयाँ चरणको आन्दोलन सुरु गरेका थिए जो अप्रत्यक्ष रुपमा राजालाई दवाव दिनु थियो । अर्को तर्फ राजनीतिक दलहरूका बीचमा पनि दलीय अन्तरसंघर्ष विकसित हुँदै गइरहेको थियो । यस्तो अवस्थामा देशमा नयाँ नयाँ राजनीतिक दल र ब्यक्तिको नेतृत्वमा सरकार गठन र विघटन हुने क्रम बढ्दै गइरहेको थियो । त्यस्तो अवस्थामा देशको सम्पूर्ण राज्य सत्ता केही घण्टा बिद्रोहीका रुपमा देखिएका डा.के.आई.सिंहले आफ्नो हातमा लिन समेत सफल भएका थिए । यिनै र यस्तै परिवेशको सेरोफेरोमा वि.सं.२०१२ साल माघ १३ गतेका दिन नेपाल प्रजापरिषद्का सस्थापक अध्यक्ष टंकप्रसाद आचार्यको नेतृत्वमा सरकार गठन भएको थियो (शर्मा, २०५९ : ३१४) । प्रजातन्त्रको लागि प्राँणको आहुती दिन मञ्जुर भएर स्वइच्छाले राणा शासनको विरुद्ध आन्दोलनको मोर्चा खडा गरी क्रान्तिमा लागेका योद्धा टंकप्रसाद आचार्यको नेतृत्वको मन्त्रीमण्डलले नेपालको राजनीतिमा जे जस्ता  क्रान्तिकारी निर्णयहरू गरेको थियो ती निर्णयहरू नेपालको विकासमा कोशेढुङ्गा सावित भएको पाइन्छ । प्रस्तुत अध्ययन प्रजापरिषद्का सस्थापक अध्यक्ष्य टंकप्रसाद आचार्यको नेतृत्वमा गठित सरकाले राज्य सञ्चालनको क्रममा अवलम्वन गरेका विभिन्न दुरगामी प्रभावका निणर्यहरूको खोज, अध्ययन र अनुसन्धानमा आधारित रहेको छ ।

## अनुसन्धान विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान पद्धतिमा आधारित छ । अध्ययनको शीर्षक ऐतिहासिक विषयवस्तुमा आधारित भएको कारण त्यही अनुरुपको विधि प्रयोग गरिएको छ । नेपालमा राणा शासनको पतनपछि सरकारहरू गठन र विघटन हुने क्रममा गठित टंकप्रसाद आचर्य नेतृत्वको सरकारको शासनकालमा भएका विभिन्न गतिविधिमा आधारित यो अध्ययनमा सहायक स्रोतहरूको प्रयोग गरिएको छ । लेखनका क्रममा वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ ।

## नेपाल प्रजापरिषद् पार्टीको सामान्य परिचय

वि सं १९९३ साल जेष्ठ २० गते काठमाडौँ ओमबहालस्थित सहीद धर्मभक्त माथेमाको फुपाजुको घरमा ५जना युवकहरू जम्माभएर एउटा राजनैतिक संस्था स्थापना गर्ने निर्णय गरे । सबैको सल्लाहले संस्थाको नाम "नेपाल प्रजापरिषद्" राख्ने निर्णय गरियो । संस्थाको उद्देश्य नेपालको स्वइच्छाचारी राणा शासनलाई समाप्त गरी श्री ५ महाराजधिराजको वैधानिक नायकत्वमा प्रजातान्त्रिक व्यवस्थाको स्थापना गर्ने र त्यसका लागि जस्तोसुकै त्याग र वलिदानी गर्न परे पनि गर्न हामी तयार छौ भनी श्रीमतभागवत गीता टाउकोमा राखी सवैले प्रण गरेका थिए (शर्मा, २०४३ : ३०-३१) । प्रजापरिषद्को विधिवत स्थापना जुन १९३६ मा काठमाडौँको ओमवहालटोलमा धर्मभक्त माथेमाको घरमा गरिएको थियो । त्यस सस्थाका संस्थापक सदस्यहरूमा, टंकप्रसाद आचार्य, धर्मभक्त माथेमा, जीवराज शर्मा, दशरथ चन्द र रामहरि शर्मा गरी पाँच जना थिए भने संस्थाका संस्थापक वाहेकका अन्य सदस्यहरूमा गणेशमान सिह, हरिकृष्ण, चुडाप्रसाद, पुष्करनाथ, धवराज, फुलेन्द्र प्रसाद, फलेन्द्र बहादुर, गंगालाल,, पूर्णबहादुर एम. ए., चित्तधर, केदारनाथ, श्री ५ त्रिभुवनका कम्पाउण्डर चन्द्रमान, डाइभर कटक बहादुर, मरिचमान, कलाकार चन्द्रमान मास्के, कुलदिप पाठक, भुपालमान, गोविन्द प्रसाद, बलवहादुर, चित्रवहादुर, श्यामबहादुर आदि रहेका थिए । सस्थाका सदस्यहरूको बहुमतले  टंकप्रसाद आचार्य सभापति र दशरथचन्द्र उपसभापति चुनिएका थिए । तीनै नेपाल प्रजापरिषद्का संस्थापक अध्यक्ष टंकप्रसाद आचार्य वि सं २०१२ सालमा नेपालको प्रधानमन्त्री वन्न सफल भएका थिए । उनको मृत्यु वि.सं.२०४९ साल बैशाखमा भएको थियो (पन्त २०५५ : ४०-४१) । यस सङ्गठन प्रति राजा

श्री ५ त्रिभुवनको पनि संलग्नता र सङ्गठनका उदेश्य प्रति सहमती थियो । उनले यस सङ्गठनलाई रु ४००० भारु सहयो दिएका थिए (श्रेष्ठ, २०२७ : ५१८) । नेपाल प्रजापरिषद् नामक राणा शासन विरुद्धको सङ्गठनमा राजाको प्रत्येक्ष सङ्लग्नता छ भन्ने कुराको आभास पाई सिंह दरवारमै यी असभ्य राणाहरूले असभ्य तरिकाले श्री ५ त्रिभुवनको अपमान गर्न कत्ति हिचकिचाएनन् ? (ज व रा, २०४७ : २३५) । यसरी राजाका गतिविधिमाथि राणाहरूले निकै चनाखो भएर सुराकी गरिरहने गर्दथे ।

नेपालवाट निरंकुश राणा शासनको अन्त्य गरी प्रजातन्त्र स्थापना गर्नमा राजा त्रिभुववनको पनि अमूल्य योगदान रहेको देखिन्छ । दरवारवाट गोप्यरुपमा वाहिर निस्केर क्रान्तिकारी समूहसँग भेटघाट गर्ने, विभिन्न सरसल्लाह गर्ने र उनीहरूलाई प्रोत्साहन गर्ने तथा राजगद्धिको बाजी लगाएर भारतीय राजदूतावासमा शरण लिन पुगी भारतीयहरूलाई समेत राणा विरोधी अभियानका समर्थक बनाउने जस्ता कार्यहरू गरेर जुन नेपालको प्रजातान्त्रिक आन्दोलनमा उनले जस्तो भूमिका निर्वाह गरे त्यसबाट पनि राणा शासनको पतनमा ठूलो सहयोग पुग्न गएको थियो (दाहाल, २०५७ : ३२७) । यसरी राजा त्रिभुवनको राणा विरोधी अभियानका कारण पनि नेपालमा १०४ वर्षसम्म कायम रहेको राणा शानसको पतनमा थप सहयोग पुगेको थियो । राणा शासनको अन्त्यको लागि नेपालमा विधिवत रुपमा पहिलो पटक गठन भई भूमिगत रुपमा काम गरेका प्रजापरिषदका सदस्यहरूलाई अनेक प्रयास गर्दा पनि राणा शासकहरूले पत्ता लगाउन नसक्दा उनीहरूले यस विषयमा जानकारी दिने मानिसलाई रु ५०००। इनाम दिने घोषणा गरे । इनामको लोभमा शुक्रराज शास्त्रीका भाइ रामजी जोशी र मुरलीधर पण्डितले पोल खोलिदिए (सिंह, २०३० : १४४ ) यो इनामको घोषणा तत्कालीन सरकारी मुखपत्रका रुपमा रहेको पत्रिका गोरखापत्रको वि सं १९९७ साल श्रावण ११ गतेको अङ्कमा परिषदबारे सुराक दिने व्यक्तिहरूलाई रु ५०००, को इनाम दिने र जाहेरीवाला व्यक्ति उक्त पार्टीका गतिविधिमा सरिक नै भएको भए तापनि उसलाई वात नलाग्ने कुरा स्पष्ट पारिएको थियो (के.सी., २०५७ : १८०) । यसरी राज्यको सम्पत्ति दोहन गरिरहेका राणा शासकहरूले आफ्नो सत्ता टिकाइ राख्न आर्थिक वा अन्य जस्तासुकै उपायहरू अपनाएर भएपनि सुराकीहरूलाई प्रलोभनमा पारेर निरङ्कुश शासन व्यवस्थालाई कायम राख्दै आएका थिए ।

पुरस्कारको प्रलोभनमा परी प्रजापरिषद्को पोल खुलेपछि राणा सरकारले ५०० जना जति मानिसहरूलाई गिरफ्तार गऱ्यो । राजा त्रिभुवनलाई पदच्युत गर्नेसम्मको धम्की दिइयो । अपराधीलाई डण्द दिन शंकरशमशेरको नेत्रत्वमा पाँच सदस्यीय विशेष अदालतको गठन गरियो । त्यो अदालतले वि.सं.१९९७ साल माघ ६ गतेका दिन मुद्दाको फैसला गर्दै शुक्रराज शास्त्री, गंगालाल श्रेष्ठ, धर्मभक्त माथेमा र दशरथ चन्द गरी चारजनालाई मृत्युदण्ड दिने फैसला सुनायो (शर्मा, २०५९ : २५३) । नेपाल प्रजापरिषदका सभापति भएर काम गरेका टंकप्रसाद आचार्य भने ब्राह्मण जाति भएकै कारण मृत्युदण्डको सजाय पाउनबाट जोगिएका थिए । तिनै टंकप्रसाद आचार्यको नेतृत्वमा वि.सं.२०१२ सालमा गठन भएको नेपाल प्रजापरिषद्को सरकारले आफ्नो छोटो शासनकालमा जे जस्ता कार्यहरू गरेको थियो ती कार्यहरूले नेपालको इतिहासमा दुरगामी प्रभाव पारेको पाइन्छ ।

## विषयवस्तुको विश्लेषण

बि.सं.२०१२ साल माघ १३ गते राजा महेन्द्रले रोयल एडभाइजरी वा प्रत्येक्ष शासन समाप्त गरी प्रजापरिषद्का नेता टंकप्रसाद आचार्यको नेतृत्वमा ७ सदस्यीय मन्त्रीमण्डल गठन गरेको घोषणा गरेका थिए ( पौडेल, २०५८/५९ : १५६) । राणा शासनको विरुद्धमा लडेका, जेलनेल भोगेका र आफ्ना साथीहरू सहीदको सूचीमा संलग्न भएको दृष्य हेर्दै आफू मृत्युको मुखवाट बच्न सफल सौभाग्य पाई नेपालको प्रधानमन्त्री बन्ने अवसर पाएका टंकप्रसाद आचार्यको मन्त्रीमण्डलका सदस्यहरू सुरुमा निम्नानुसार थिए :–

- टंकप्रसाद आचार्य, प्रधानमन्त्री, गृह र राज्यव्यवस्था,

- चुडाप्रसाद शर्मा, मन्त्री परराष्ट्र, वन तथा खाद्य कृषि,
- गुञ्जमानसिह, मन्त्री अर्थ योजना, मालपोत तथा उद्योग वाणिज्य,
- पशुपति घोष, मन्त्री पब्लिक वर्कस तथा सञ्चार
- पुरेन्द्रविक्रम शाह, मन्त्री रक्षा,
- बालचन्द्र शर्मा, मन्त्री, शिक्षा, स्वास्थ्य र स्थानीय स्वायत्तशासन तथा
- अनिरुद्रप्रशाद सिह, मन्त्री कानुन तथा संसदीय प्रबन्ध । (नेपाल राजपत्र, २०१४ असार ३१,)

माथि उल्लिखित मन्त्रीमण्डल वि.सं.२०१२ साल माघ १३ गते गठन भएको थियो भने वि.सं.२०१३ साल माघ २३ गते त्यस मन्त्रीमण्डलमा ११ जना मन्त्रीहरू थप गरिएका थिए । सुरुको सात सदस्यीय मन्त्रीमण्डल गठन गर्दा राखिएको मुख्य उद्देश्य देसमा आम निर्वाचन गराउनु थियो । नेपालमा रहेको राजनैतिक भद्रगोलको निराकरणको दुहाइ दिँदै राजा महेन्द्रले आफै प्रत्येक्ष शासन सञ्चालन गरी देशमा अमनचयन कायम गर्ने उद्देश्यकासाथ अगाडि बढ्दै गएको निरंकुश प्रवृत्तिले देशमा राजनीतिक द्धन्द्ध अझै बढाएको थियो (पोखरेल, २०७० : २३) । त्यसैले राजाले आफ्नो नेतृत्वको सरकार विघटन गरी टंकप्रसाद आचार्यको नेतृत्वमा नयाँ मन्त्रीमण्डलको घोषणा गरेका थिए । राजाले त्यो मन्त्रीमण्डलको घोषणा गर्दै भनेका थिए ,जुनसुकै सरकार पनि विशेष गरी प्रजातान्त्रिक सरकार सबै देशवासीहरूको सहयोग र शुभेच्छाले मात्र चल्ने भएकाले सर्वसाधारण जनता जङ्गी तथा निजामती सरकारी कर्मचारीले आजसम्म उत्साह र सौहार्दपूर्ण सहयोग गरी आए जस्तै अहिले गठन भएको सरकारलाई पनि पूर्णतया सहयोग दिई देश निर्माण कार्यमा सबैले मद्दत गर्ने छन् भन्ने हामीबाट आशा र विश्वास गरिएको छ यो जनसेवाको महानकार्य सफल गराउनमा श्री पशुपतिनाथले हामीलाई आवस्यक शक्ति प्रदान गरुन् (शाही, २०५२ : २७) ।

टंकप्रसाद आचार्य नेतृत्वको सरकार निर्माण जुन अवस्थामा भएको थियो त्यो अवस्थाका बारेमा अध्ययन गर्दा त्यो समयमा नेपालको राजनीतिक अवस्था संक्रमणकालबाट गुज्रिरहेको थियो (मानन्धर र शर्मा, २०५३ : १५०). राजा महेन्द्रले जनताको नाशो जनतालाई फर्काएँ भनी उदारता देखाउने प्रयास गरेता पनि वास्तवमा जनताको सहयोग विना देशमा विद्यामान राजनैतिक अस्थिरता आफ्नो नेतृत्वको सरकारले समाधान गर्न सक्दैन भन्ने उनको ठम्याई रहेको थियो (देवकोटा, २०१६ : ३८७) प्रजापरिषदको सरकारका अधिकारलाई सिमित पारेर राख्न,र सरकारका गतिविधिहरू माथि निगरानी राख्न नयाँ गठन भएको सरकारमा तीन स्वतन्त्र व्यक्तिहरू गुञ्जमान सिंह, अनिरुद्रप्रसाद सिंह र पुरेन्द्रविक्रम शाहलाई मन्त्रीमा सामेल गरी अर्थ, रक्षा र संसदीय मामिला जस्ता महत्वपूर्ण मन्त्रालयको जिम्मेवारी दिइएको थियो । जसको उद्देश्य आचार्य मन्त्री मण्डललाई अंकुश लगाउनु थियो । त्यो मन्त्रीमण्डलले आफू सत्तामा आउनासाथ विश्वशान्तिलाई प्रोत्साहन दिने, उपनिवेशवादको विरोध गर्ने एवम् रुस र चीनबाट समेत नेपालको विकासको लागि सहयोग प्राप्त गर्ने जस्ता आफ्नो विदेश नीति रहेको घोषणा गरेको थियो (यादव, २०४६ : ३५७) । यसरी सरकारमा जानासाथ भावी नीतिका बारेमा मन्त्रीमण्डलले गरेको निर्णयबाट राजा महेन्द्र केही सशङ्कित भएर तीनजना मन्त्रीहरू थप्न सरकार बाध्य भएको थियो ।

प्रजापरिषद्को सरकार गठनप्रति बिभिन्न राजनीतिक दलहरूले पूर्णरुपमा समर्थन नगरी दलीय मतमतान्तरहरू कायमै राखेको भएता पनि राजाले जनताको हातबाट प्रत्येक्ष शासनको नाममा आफ्नो हातमा लिएको शासन जनताकै हातमा फर्काई गठन गरेको सरकार भएकोले त्यसप्रति सबैजसो दलहरू आशावादी भने रहेका थिए । राणा शासनको अन्त्यका लागि प्राँणको आहुती दिएको नेपालको राजनीतिक इतिहासको पहिलो राजनीतिक दल र त्यस दलका संस्थापक अध्यक्ष स्वयम् टंकप्रसाद आचार्यले नेतृत्व गरेको सरकार भएरकाले हुनसक्दछ देशवासीहरूको आशा र भरोसा त्यसप्रति उच्च रहेको थियो (जोशी र रोज, ई.सं.१९६६ : २२८) । नेपालमा प्रजातन्त्र प्राप्तिका लागि बलिदान दिने वीर सहीदका अमरगाथादेखि सर्वश्वहरण गर्ने, मुड्ने, धपाउने, दामल गर्ने, जन्मकैद गर्ने जस्ता दारुण, कठिन र अमानुषिक सजायको भागी बन्नुपर्ने जस्ता अप्रिय

घटनाको पहिलो अध्यायनै आफ्नो इतिहासको पाना बनाएर बाँचेको नेपालको जेष्ठ राजनीतिक दलप्रति राजाको पनि आशा र विश्वास अलि वढी रहेको देखिन्थ्यो । यसरी राजा र प्रजाको केही बढी विश्वासिलो सरकार भएर पनि देशमा शान्ति सुव्यवस्था कायम हुन नसकेको कारण आफ्नो मुख्य उद्देश्य पुरागर्न नसक्ने अवस्था महसुस गरी प्रधानमन्त्री टंकप्रसाद आचार्यले वि.सं.२०१४ साल आषाढ २३ गते प्रधानमन्त्री पदबाट राजिनामा दिएका थिए भने वि.सं.२०१४ आषाढ ३१ गते उनको राजिनामा स्वीकृत गरिएको थियो (पौडेल, २०५८/५९ : १५६) । यसरी सरकार गठन र विघटन हुँदै जाने क्रम २००७ सालदेखि नै कायम रहेको अवस्थामा टंकप्रसाद आचार्यको नेतृत्वमा बनेको सरकार पनि लामो समयसम्म टिक्न सकेन ।

देश र जनताका साझा भावना बोकेर बनेको नेपाल प्रजापरिषद् पार्टीको सरकारबाट जे जस्ता अपेक्षा गरिएका थिए ती  अपेक्षाहरू सोँचेअनुसार सबै पुरा हुन नसके तापनि त्यो सरकारले राष्ट्रिय महत्वका केही त्यस्ता कार्यहरू गरेको थियो जसले नेपालको राजनैतिक इतिहासमा केही उत्कृष्टता हासिल गरेको पाइन्छ । भारतका लागि वर्तमान नेपाली राजदूत निलाम्वर आचार्यले स्वर्गीय टंकप्रसाद आचार्य राष्ट्रलाई माया गर्ने प्रधानमन्त्री भनी दावी गरेका छन् (आचार्य, २०७५ : १) । राजदूत आचार्यको भनाइलाई पुष्टि गर्ने एउटा घटना हेरौं, टंकप्रसाद आचार्य प्रधानमन्त्री भएका बेला उनी सपरिवार चीनको राजकीय भ्रमणमा गएका थिए । उनी दिनभर कार्यक्रममा व्यस्त भएका बेला एकदिन उनकी श्रीमती आफ्नो (प्रधानमन्त्रीको ) पी.ए.का साथ हिरा पसलमा गईछन् र हिराको औंठी हेरी लैजाने मन गरिछन् । पी.ए.ले उनको मनसाय बुझि पाँच डलरमा हिराको औंठी किनी दिएछन् । बेलुकी टंकप्रसाद आचार्य आफू बसेको स्थानमा आउँदा श्रीमतीको हातमा हिराको औंठी देखेपछि तिमीले यो औंठी कहाँबाट ल्यायौं भनी सोधेछन् । श्रीमतीले औंठीका बारेमा सबै विवरण बताइछन् । कुरा सुनिसकेपछि आचार्य केही उत्तेजित र असन्तुलित जस्तै भएर कराउँदै तिमीले राज्यकोषवाट औंठी लगाउने भन्दै श्रीमतीलाई पाखुरामा समातेर तान्दै पसलमा लगी औंठी फिर्ता गराएको घटनाले टंकप्रसाद आचार्यको देशप्रतिको जिम्मेवारिता र इमान्दारिताका बारेमा प्रस्ट पार्दछ ।  त्यो घटनाले त्यहाँ रहेका चीनियाहरू आश्चर्यमा परेका थिए । यो कुरा चीनका सरकारी तहमा रहेका मानिसहरूले पनि थाहा पाए र पछि चिनीया प्रधानमन्त्री चाउ एनलाई नेपालको भ्रमणमा आउँदा उनी आफै टंकप्रसाद आचार्यको निवासमा पुगेर आचार्यको श्रीमतीलाई त्यही औंठी उपहार दिएका थिए (सुवेदी, २८ सेप्टेम्बर २०१८,: १) । यस्तो सादगी जीवनका धनी राष्ट्रवादी नेताको प्रधानमन्त्रीले नेतृत्व गरेको सरकारले आफ्नो कार्यकालमा गरेका राष्ट्रिय महत्वका केही कार्यहरू जो नेपालको राजनैतिक इतिहासमा स्वर्ण अक्षरले लेखिएर कोशेढुङ्गा वन्न पुगेको कुरा इतिहासले स्वीकार गरेको देखिन्छ ।

प्रथम पञ्च बर्षीय योजनाको थालनी, राष्ट्रबैकको स्थापना, देशभर नेपाली मुद्राको प्रचलन, निजामती सेवा नियमावली लागु, भूमिसुधार योजना, पञ्चशीलका आधारमा परराष्ट्र सम्बन्धको विकास, शिक्षा विकासको लागि अधिराज्यलाई सात क्षेत्रमा विभाजन, राजकीय प्रज्ञाप्रतिष्ठानको स्थापना, नेपालको मन्त्रीपरिषदको बैठकमा भारतीय कर्मचारी बस्ने प्रचलनको अन्त्य, सोभियत संघ, जापान, स्वीजरल्यान्ड, इजिष्ट, चीन र फ्रान्ससँग नेपालको दौत्य सम्बन्ध स्थापना, संयुक्त राष्ट्रसंघको सदस्यता लिएर महासभामा नेपालको प्रतिनिधि पठाउने कार्यको थालनी, नेपाल चीन मैत्री सम्बन्धमा हस्ताक्षर, चीन भ्रमण गर्ने प्रथम नेपाली प्रधान मन्त्री, चीनिया प्रधानमन्त्री चाउ एन लाइलाई नेपालको भ्रमण गराउन सफल, निजामती कर्मचारी आयोगको गठन, त्रिभुवन विश्वविद्यालय स्थापनाको तयारी आदि (नेपाल राजपत्र, २०१४ : ३) । नेता टंकप्रसाद आचार्य नेतृत्वको सरकारले तत्कालीन अवस्थामा गरेका कार्यहरूका सम्बन्धमा सुशीलराज प्याकुरेलले २०७८ मङ्सिर १७ गते शुक्रबारमा गरेको टिप्पणी यस प्रकार रहेको पाइन्छः

टंकप्रसाद आचार्य नेतृत्वमा बनेको १८ महिने कार्यकालको सरकारले प्रजातन्त्रको संस्थागत विकासमा धेरै आधार तयार गऱ्यो, वाह्य जगतमा स्वतन्त्र र प्रजातान्त्रिक मुलुकका रुपमा नेपालको पहुँच बढाउने दिशामा उल्लेख्य काम गऱ्यो भने उनैको प्रधानमन्त्रीत्वकालमा नेपालले परराष्ट्र मन्त्रीको नेत्रित्वमा संयुक्त राष्ट्रसंघको महासभामा भागलियो, नेपालले आफ्ना दुई छिमेकी मुलुकहरूसँग सन्तुलित

सम्बन्ध कायम गऱ्यो । पजनी प्रथाबाट कर्मचारीहरूको नियुक्ति, बढुवा र वर्खास्त गर्ने प्रचलनलाई निजामती सेवा ऐनद्वारा व्यवस्थापन गरियो भने उनकै कार्यकालमा नेपालमा बौद्ध सम्मेलन गरी विश्वभर शान्तिको सन्देश फैलाउदै देशको गौरव बढाउने कार्य गरेको थियो । नेपाल प्रजापरिषद्को सरकारले गरेका उल्लेखनीय कार्यहरूलाई वुँदागत रुपमा यसप्रकार उल्लेख गर्न सकिन्छ :

**(क) योजनावद्ध विकासको प्रारम्भ :** वर्तमान समयमा देशमा विकासको मेरुदण्ड बनेको पञ्चवर्षीय योजनाको सुभारम्भ प्रधानमन्त्री टंकप्रसाद आचार्य नेतृत्वको मन्त्रीमण्डलको दुरगामी निर्णय थियो । योजनावद्ध लगानी बिना देशमा दीर्घकालीन विकासका परियोजनाहरू सम्पन्न गरी देश विकास गर्न सकिदैन भन्ने कुरालाई आत्मसाथ गरी योजनाबद्ध विकासको सुरुवात त्यस सरकारको दूरगामी निर्णय थियो ।

**(ख) नेपाल राष्ट्रबैङ्कको स्थापना र अधिराज्यभर नेपाली मुद्राको प्रचलनमा जोड :** टंकप्रसाद आचार्य नेत्रित्वको मन्त्रीमण्डको अर्को दुरगामी निणर्य नेपालको आर्थिक नेतृत्व लिने गरी नेपाल राष्ट्र बैंकको स्थापना गर्नु थियो । कुनै पनि देशको अर्थतन्त्रको आधार मानिएको राष्ट्रको आर्थिक व्यवस्थापन गर्ने देशमा एउटा राष्ट्रबैङ्क हुनु पर्ने आवश्यकताबाट गुज्रिरहेको देशलाई त्यसबाट मुक्त गरी देशमा दीर्घकालीन आर्थिक व्यवस्थापनको सुरुवात गर्नु त्यो सरकारको अर्को महत्वपूर्ण कार्य थियो । त्यो सरकारले नेपाल अधिराज्यभर प्रचलनमा रहेको भारतीय मुद्राको प्रचलनलाई पनि नियन्त्रण गर्ने प्रयास स्वरुप नेपाली र भारतीय मुद्रा बीच विनिमय दर रु १०० भारुको नेपाली रु १२८ निर्धारण गरेको थियो (शर्मा, २०४३ : ८२) ।

**(ग) निजामती सेवा ऐनको प्रारम्भ :** राणा शासनकालमा वर्षको एकपटक गरिने पजनी प्रचलनको मारबाट राष्ट्रसेवक कर्मचारीहरूलाई बँचाउन टंकप्रसाद आचार्य नेतृत्वको सरकारले नेपालमा पहिलो पटक निजामती सेवा ऐन २०१३ प्रचलनमा ल्याएको थियो जुन नेपालको कर्मचारी प्रशासनको इतिहासमा कोशेढुङ्गा सावित भएको छ (शर्मा, २०४३ : ८२) । यस कार्यले गर्दा शासकको चाकडी होइन जनताको सेवक नै सच्चा राष्ट्रसेवक हुन्छ र राज्यले त्यस्ताको सम्मान गर्न सक्नुपर्दछ भन्ने सन्देश दिन सकेको देखिन्छ । साथै ऐनको व्यवस्थापनले कर्मचारी प्रशासन शासकका सेवक नभइ देश र जनताका सेवक हुन् भन्ने कुरा कानुनद्वारा नै व्यवस्था गर्न खोजेको देखिन्छ ।

**(घ) भूमि सुधार योजना** : नेपालको राष्ट्रिय समस्या नै भूमि सम्बन्धी समस्या भएकोले आचार्य मन्त्री मण्डलले त्यस समस्याको समाधान गर्ने तर्फ आफ्नो ध्यान केन्द्रित गरी देशमा विद्यमान रहेको सामन्ती भूमि व्यवस्थामा सुधार ल्याउने प्रयास स्वरुप उब्जनीको ५० प्रतिशतभन्दा बढी अन्न जग्गाधनीले मोहीसँगबाट लिन नपाउने र तत्काल खेत जोतिरहेको कुनै पनि किसानलाई जग्गाधनीले हटाउन नपाउने व्यवस्था ऐनमा गरिएको थियो (शर्मा, २०४३ : ८३) । सामन्ती व्यवस्थाको सुरुवात भूमी व्यवस्थाको असमान वितरणबाट भएको हो । जवसम्म देशमा स्पष्ट भूमि कानुनको व्यवस्था हुँदैन तवसम्म आर्थिक असमानताको अन्त्य सम्भव छैन भन्ने कुरा त्यो सरकारलाई स्पष्ट जानकारी भएर नै त्यस्तो कदम चालेको देखिन्छ ।

**(ङ) परराष्ट्र सम्वन्ध :** वाङ्गलुङ सम्मेलनले अनुमोदन गरेको "पञ्चशीलको" सिद्धान्तका आधारमा ठूला साना राष्ट्रहरूको आपसी समानता पारस्परिक सम्मान, आपसी सहयोग र मैत्रिपूर्ण कार्य हुनुपर्ने कुरामा जोड दियो । भारत र चीनसँगको सम्बन्धमा उल्लेख्य सुधार गर्दै भारतका राष्ट्रपती डा.राजेन्द्र प्रसाद र चीनका प्रधानमन्त्री चाउ एन लाइलाई टंकप्रसादको सरकारले नेपालको भ्रमण गराउन सफल भयो । विदेश नीतिमा उल्लेख्य सुधार गर्दै विभिन्न देशहरूसँग त्यो सरकारले कुटनैतिक सम्बन्ध कायम गर्न सफल भयो । वि.सं.२०१३ साल श्रावण ५ गते नेपाल र रुसका बीचको दैत्य सम्वन्ध, वि.सं.२०१३ श्रापण १३ मा नेपाल र जापानका बीचको दैत्य सम्बन्ध, वि.सं.२०१३ साल कार्तिक २६ गते नेपाल र स्वीजरल्याण्डका बीचको दौत्य सम्बन्ध, वि.सं.२०१३ चैत्र २० गते नेपाल र मिश्र सरकार बीच दौत्य सम्बन्ध, वि.सं.२०१४ साल असार १८ गते नेपाल शिलोन बीच दैत्यसम्बन्ध कायम गरिएको थियो (शर्मा, २०४९ : ३१६) । त्यो सरकारले नेपालको कार्यपालिकोको वैठकमा भारतीय प्रतिनिधि रहने व्यवस्था पनि अन्त्य गरेको थियो ।

**(च) सर्वोच्च अदालतको घोषणा :** टंकप्रसाद आर्चाय नेतृत्वको सरकारको अर्को उल्लेखनीय काम सर्वोच्च अदालतको स्थापना थियो । वि.सं.२०१३ साल जेष्ठ ८ गते राजा महेन्द्रबाट सर्वोच्च अदालत ऐन २०१३ जारी गरी त्यही ऐनको घोषणाका आधारमा सर्वोच्च अदालतको स्थापना गरिएको थियो भने नेपालको प्रथम प्रधान न्यायाधिस अनिरुद्रप्रसाद सिंहलाई र अन्य न्यायाधिसहरूमा रत्नबहादुर विष्ट र सिद्धिबहादुर मल्ललाई नियुक्त गरिएको थियो (पोखरेल, २०७० : ३८-४०) । सर्वोच्च अदालत जस्तो कानुनी निकायको सवैभन्दा माथिल्लो निकाय सर्वोच्च अदालतको गठन गरी देशलाई कानुनी राज्यको रुपमा स्थापना गर्ने त्यो सरकारको अर्को प्रसंसा गर्न योग्य निर्णय थियो ।

**(छ) नेपाल प्रज्ञाप्रतिष्ठानको स्थापना :** नेपालमा नेपाली भाषा, कला संस्कृति, साहित्य तथा ज्ञान विज्ञानको विकासको लागि नेपाली साहित्य एकेडेमी (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान) स्थापना गर्ने जस्तो महान कार्य त्यो सरकारको १८ महिने कार्यकालको अर्को महत्वपूर्ण कार्य थियो । देशको सर्वाङ्गिण विकासको एउटा महत्वपूर्ण पक्ष त्यो देशको भाषा, कला, साहित्य, संस्कृति र ज्ञान विज्ञान पनि हो भन्ने कुरालाई आत्मसात गरी त्यो संस्थाको स्थापना गर्नु त्यो सरकारको अर्को महत्वपूर्ण निर्णय थियो ।

**(ज) समाज शिक्षा कार्यक्रम :** आचार्य मन्त्रीमण्डलको उल्लेखनीय कार्यहरूमध्ये समाज शिक्षा कार्यक्रम पनि एक थियो । यस कार्यक्रम अन्तर्गत अधिराज्यलाई सात शैक्षिक क्षेत्रमा विभाजन गरी शैक्षिक विकासको लागि उचित वातावरण तयार गर्नु रहेको थियो । सवै तहको शिक्षालाई व्यवस्थित गर्न काठमाण्डौ, धनकुटा, जनकपुर, पोखरा, तौलिहवा, नेपालगन्ज तथा डोटीमा एक एकवटा जोनल इन्सपेक्टर अफ् स्कुल्स अफिस कायम गरिएका थिए जो नेपालको शैक्षिक, राजनैतिक र प्रशासनिक रुपरेखाको आधार बनेको थियो (शर्मा वि सं २०४३ : ८४) । यही समाज शिक्षा कार्यक्रम वर्तमान नेपालको शिक्षाको आधारशिला वनेकै कारण नेपालमा योजनावद्ध शिक्षाको विकास सम्भव भएको हो ।

## निष्कर्ष

नेपाल प्रजापरिषद् नामक पार्टी नेपालमा प्रजातन्त्रको खाँतिर आफ्नो प्राणको आहुती दिएर भए पनि राजा र जनता दुवैलाई राणा शासनको दासत्वबाट मुक्त गराउनु पर्छ भन्ने दृढ उद्देश्यका साथ वि.सं.१९९३ मा गठन भएको नेपालको सबैभन्दा पुरानो राजनैतिक सङ्गठन हो । श्रीमतभागवतगीताको कसम खाएर जवसम्म नेपालाट राणा शासनको अन्य गरी प्रजातान्त्रिक राज्य व्यवस्थाको स्थापना गर्न सकिन्न तवसम्म हाम्रो क्रान्ति जारी रहनेछ र त्यसका लागि जस्तो सुकै मूल्य चुकाउन परे पनि हामी पछि पर्ने छैनौ भन्ने अठोटका साथ त्यो दल गठन भएको थियो । त्यो दलका संस्थापक सदस्यहरू सबै निरंकुश राणा शासकको न्यायको नजरमा मृत्युदण्ड दिन योग्य देखिएको भए तापनि गणेशमान सिंहले भागेर र टंकप्रसाद आचार्यले धर्मको कारण प्राण दण्ड नामक मृत्युको मुखबाट बच्न सफल भएका थिए । आजीवन काराबासको सजाय भोगिरहेका प्रजापरिषद्का संस्थापक अध्यक्ष टंकप्रसाद आचार्य जसलाई नेपालको ज्युँदो सहीद भनिन्छ ।,उनले प्रजातन्त्रको विहानीसँगै जेलमुक्त हुने सौभाग्य पाएका थिए । प्रजातन्त्रको प्राप्तिपछि देशमा जनताले सोचे अनुरुपको राजनैतिक परिवर्तनको अनुभूति गर्न पाएनन् । देशमा राजनैतिक अस्थिरताको कारण प्रजातन्त्रको प्राप्ति पछि देशले राणा शासनमा भन्दा झनै बढी अस्थिरता भोग्नु पर्‍यो । सरकार बन्ने र ढल्ने प्रकृयाले निरन्तरता पायो । हुँदा हुँदा प्रत्येक्ष शासनको नाममा राजाले सम्पूर्ण अधिकार आफ्नो हातमा लिँदा झण्डै झण्डै राणाका हातको अधिकार राजाका हातमा सरेको र प्रजातन्त्र प्राप्तिका लागि फेरी अर्को आन्दोलन गर्नु पर्ने अवस्था सृजना भएको बेला प्रजातन्त्रका जननी मानिएका आचार्यको नेतृत्वमा सरकार बन्दा देशमा पुन प्रजातन्त्र प्राप्ति भएजस्तो अवस्था बन्न गयो । आचार्य सरकारको गठन गर्दा राखिएको मुख्य उद्देश्य देशमा आमनिर्वाचन सम्पन्न गरी प्रजातन्त्रलाई स्थापित र संस्थागत गर्नु थियो तापनि देशमा देखापरेको राजनैतिक अस्थिरताको कारण त्यो कार्य पुरागर्न नसके तापनि आधुनिक नेपाल निर्माणका लागि नभई नहुने विकासको दीर्घकालीन खाका कोर्ने काम गरी नेपालको राजनैतिक इतिहासमा आफ्नो नाम स्थापित गर्ने काम गर्‍यो । त्यो

मन्त्रीमण्डलले आफ्नो १८ महिने कार्यकालमा योजनावद्ध विकास, आर्थिक व्यवस्थापन, शैक्षिक व्यवस्थापन, कर्मचारी व्यवस्थापन, वैदेशिक सम्बन्धमा उल्लेख्य सुधार, भूमि व्यवस्थापन, नेपालमा विश्वविद्यालयको स्थापनाका लागि गृहकार्य, भाषा र संस्कृतिको विकासको संस्थागत सुरुवाती र नेपालको कार्यपालिका माथि विदेशी प्रभावको अन्त्य जस्ता कार्य गर्न सफल भएको थियो ।

## सन्दर्भ सामाग्रीसूचि


आचार्य, बीरभद्र (वैशाख २३, २०७७). ज्यूँदा सहिद टंकप्रसाद आचार्य. प्रदेश दैनिक संवाददाता. http://www.padeshdainik.com/

उप्रेती, प्रेमरमण (ई.सं.१९९९). अ स्पेक्टर्म एनालाइसिस अफ पोलिटिकल पार्टिज इन नेपाल सिन्स १९९० एन्ड द प्रोबोलम्स अफ गभर्नेन्स. *पोलिटिकल इनिस्टाविलिटि इन नेपाल : इम्प्याक्ट अन नेपाली डेमोक्रेसी.* काठमाडौं : सेन्ट्रल डिपार्टमेन्ट अफ हिस्ट्री .एन्ड फ्रेडरिक इवर्ट स्टिफ्टुङ्ग (पेज १-१५) ।

के.सी., सुरेन्द्र (२०५७). *नेपालको ऐतिहासिक रुपरेखा.* (तेस्रो संस्करण). काठमाडौं : पैरवी प्रकाशन ।

ज.व.रा., पुरुषोत्तम शमशेर (२०४७). *श्री ३ हरूको तथ्य वृतान्त,* वाराणसी : परमवीरशमशेर ज.ब.राणा ।

जोशी, भुवनलाल र रोज, लियो ई. (ई.सं.१९६६). *डेमाक्रेटिक इन्नोभेसन इन नेपाल.* लण्डन : युनिभर्सिटी अफ क्यालिफोर्निया प्रेस ।

दाहाल, पेशल (२०५७). *नेपालको इतिहास.* काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स ।

देवकोटा, ग्रीस्मबहादुर (२०१६). *नेपालको राजनीतिक दर्पण.* काठमाडौं : ध्रुवबहादुर देवकोटा ।

पन्त, हुमानाथ (२०५५). *नायव सुब्बाको गाइड.,* काठमाडौं : मकालु बुक्स एण्ड स्टशनर्स ।

पोखरेल, खेमराज (२०७०). *नेपालमा संविधान सभाको इतिहास.*भक्तपुर : हेडलाइन पब्लिकेशन ।

पोखरेल, खेमराज (२०७०). *आधुनिक नेपालको इतिहास,* भक्तपुर : हेडलाइन पब्लिकेशन ।

पौडेल, लीलाराज (द्दण्ठछ). *शाखा अधिकृत प्रारम्भिक परीक्षा दिग्दर्शन.* काठमाडौं : मकालु बुक्स एण्ड स्टेसनर्स ।

प्याकुरेल, सुशिलराज (शुक्रवार, १७ मंसीर २०७८). *टंकप्रसाद आचार्य प्रजातन्त्र बहालीका शुत्रधार.* काठमाडौं : https://www.himalkhabar.com/

मानन्धर, त्रिरत्न र शर्मा, निरन्जन (२०५३). *आधुनिक नेपालको राजनैतिक इतिहास (वि.सं.२००७-२०१९).* काठमाडौंः नेपाल र एसीयाली अनुसन्धन केन्द्र ।

यादव, पिताम्वरलाल (२०४६). *नेपालको राजनैतिक इतिहास.* विहार : विजयकुमार ठेहो ।

शर्मा, देवीप्रसाद (२०४८). *आधुनिक नेपालको इतिहास.* काठमाडौं : रत्नपुस्तक भण्डार ।

शर्मा, देवीप्रसाद (२०५९). *आधुनिक नेपालको इतिहास.* काठमाडौ : रत्न पुस्तक भण्ठार ।

शाही, डी.के. (२०५२). *सात साल पछि सात साल.* काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ, हरि (२०२७). *श्री ५ त्रिभुवन र प्रजातन्त्र.* काठमाडौं : श्री ५ त्रिभुवन स्मृतिग्रन्थ ।

सिहं, खड्गमान (२०३०). *जेलमा बीस बर्ष.* काठमाडौं : गजानन्द वैद्य ।

सुवेदी, अरुणकुमार (सेप्टेम्बर २८, २०१८).अरुणकुमार सुवेदी जीवन यात्रा । https://www.google.com/search?q=sahayatra+T.V.c&rlz=1C1GCEA_enRO1013NP1016&oq=sahayatra+T.V.c&gs_lcrp=EgZjaHJvbWUqBggAEEUYOzIGCAAQRRg70gEIODA1MGowajeoAgCwAgA&sourceid=chrome&ie=UTF-8